# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

(शिक्षा,युवा तथा खेलकुद शाखा)

प.स. २०८०/८१

च.नं. 362

कोशी प्रदेश, नेपाल।

मिति २०८०।११।०२

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालय,

इटहरी उपमहानगरपालिका, सुनसरी ।

विषयः- जानकारी गराईएको बारे ।

प्रस्तुत विषयमा नगर शिक्षा समिति इटहरीको मिति २०८०।१०।२५ गतेको निर्णय अनुसार आगामि शैक्षिक सत्र २०८१ देखि इटहरी उपमहानगरपालिका भित्र संचालित सम्पूर्ण संस्थागत तथा सामुदायिक विद्यालय हाताभित्र विद्यार्थीको पोशाक सामग्री, पाठ्यपुस्तक, स्टेशनरी सामग्री तथा जंक फूड बेचविखन गर्न नपाइने भएको हुँदा शैक्षिक सत्र २०८१ बाट विद्यालय हाताभित्र विद्यार्थीको पोशाक सामग्री, पाठ्यपुस्तक, स्टेशनरी, सामग्री तथा जंकफूड बेच विखन नगर्नु नगराउनुहुन अनुरोध छ। विद्यालयको हाताभित्र विद्यार्थीको पोशाक सामग्री, पाठ्यपुस्तक, स्टेशनरी सामग्री तथा जंकफूड बेचविखन गरेको पाइएमा कानुन बमोजिम कारबाही हुने समेत जानकारी गराइन्छ।

द्रोण प्रसाद दाहाल

(शाखा प्रमुख)

# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
(शिक्षा,युवा तथा खेलकुद शाखा)

कोशी प्रदेश, नेपाल।

प.स. २०८०/८१
च.नं. 366

मिति २०८०।११।०२

श्री सम्पूर्ण विद्यालयहरू
इटहरी उपमहानगरपालिका सुनसरी ।

विषयः- जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०८०।१०।२५ गतेको निर्णय अनुसार इटहरी उपमहानगरपालिका भित्र संचालित विद्यालयहरूले मिन पचास विदा (वर्षे तथा हिउँदे विदा) अवधिभरको परिवहन (गाडी), पानी तथा विजुली बत्तिको शुल्क लिन नपाइने निर्णय भएको हुँदा सम्पूर्ण विद्यालयहरूले सोहि बमोजिम गर्नु गराउनुहुन जानकारीका लागि अनुरोध छ ।

द्रोण प्रसाद दाहाल
(शाखा प्रमुख)
शिक्षा अधिकृत